" कृषि, उर्जा, पर्यटन र प्रविधि; हिलिहाङ गाउँपालिकाको समृद्धि "
हिलिहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पञ्चमी, पाँचथर
कोशी प्रदेश, नेपाल
अध्यक्ष :- ९८५२६८११७२
उपाध्यक्ष:-९८६२७७२८७९
प्र.प्र.अ :- ९८५२६८४४७७

# पोषण सहजकर्ता पदका लागि दरखास्त आह्वान सम्बन्धी सूचना

सूचना नं:-.०२.०८३/८४ प्रथम पटक प्रकाशन मिति: २०८३/०४/१२

**यस हिलिहाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत रहेको बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्नका लागि तपशिलको पदमा खुला प्रतिस्पर्धात्मक परिक्षाद्धारा करार सेवामा पदपुर्ती गर्नुपर्ने भएकोले न्यूनतम योग्यता पूरा भएका नेपाली नागरिकहरुबाट दरखास्त फारम भर्न आव्हान गरिएको छ। गाउँपालिकाबाट तोकिएको ढाँचामा दरखास्त फाराम भरी माग भए अनुसार आवश्यक प्रमाणित कागजात सोहि दरखास्त फारामका साथ संलग्न गरी तोकिएको बैंकमा दरखास्त शुल्क बुझाएको प्रमाणसहित दरखास्त फाराम कार्यालयको प्रशासन शाखा वा दिएको इ-मेल ठेगानामा बुझाउनु पर्ने छ।**
**रीत नपुगेको, तोकिएको योग्यता पूरा नगरेको र तोकिएको परिक्षा दस्तुर नबुझाएका उम्मेद्धारलाई अघिल्लो चरणका परिक्षाहरुमा समेल गराईने छैन।**

## तपशिल

१. विज्ञापन नं,पद, माग संख्या

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | ०२/०८३/०८४ | पोषण सहजकर्ता | सहायक स्तर चौथो | १ |

२. सेवाको किसिम: अस्थायी (करार सेवा)

३. आवश्यक न्यूनतम योग्यता र अनुभव

- **शैक्षिक योग्यता:** मान्यताप्राप्त शिक्षण संस्थाबाट बाह्र कक्षा (१०+२) वा सो सरह उत्तीर्ण भएको।
- **उमेर:** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।
- **स्थायी बासिन्दा:** सम्बन्धित स्थानीय तह (हिलिहाङ गाउँपालिका) मा स्थायी बसोबास भएको।
- **योग्यता/अयोग्यता:** प्रचलित कानूनले अयोग्य नठहऱ्याएको।
- **प्राथमिकता:** सामाजिक परिचालनको क्षेत्रमा अनुभव हासिल गरेको, स्थानीय तहको विवाहहित महिला एवं आर्थिक-सामाजिक रूपमा पछाडि परेको वर्गको उम्मेदवारलाई प्राथमिकता दिइनेछ।

४. तलब,सुविधा तथा अन्य सेवा शर्त: नियमानुसार प्रदान गरिने।

५. छनौट विधि: लिखित, कम्प्युटर सीप परीक्षण, अन्तर्वार्ता तथा हिलिहाङ गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी,२०७५ बमोजीम।

६. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान:

हिलिहाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय वा कार्यालयको वेवसाइट www.hilihangmun.gov.np मा गई नमुना फारामहरु : आवेदन फारामको ढाँचा डाउनलोड गर्न सकिनेछ। उक्त फाराम भरि हिलिहाङ गाउँपालिका,



टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष :- ९८५२६८११७२

उपाध्यक्ष:-९८६२७७२८७९

प्र.प्र.अ :- ९८५२६८४४७७

गाउँ कार्यापालिकाको कार्यालयको प्रशासन शाखा वा कार्यालयको ईमेल info@hilihangmun.gov.np मा स्क्यान गरी पठाउन सकिनेछ।

७. परिक्षा दस्तुर : रु ४००।–

८. परिक्षा दस्तुर बुझाउने प्रक्रिया: गाउँपालिकाको आर्थिक प्रशासन तथा राजस्व शाखामा परिक्षा दस्तुर जम्मा गरी सोको भौचर/SuTRA को अर्धकट्टी सक्कल प्रति बुझाउनु पर्नेछ।

९. दरखास्त फाराम भर्ने अन्तिम मिति: मिति २०८३/०४/१२ गतेदेखि २०८३/०४/२८ गते कार्यालय समय भित्र। अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपश्चात कार्यालय खुलेको पहिलो दिन सम्म म्याद रहने छ।

१०. परिक्षा सञ्चालन हुने मिति,स्थान र समय: दरखास्त फाराम बुझ्ने अन्तिम म्याद सकिए पश्चात कार्यालयले सूचना मार्फत जानकारी गराउने छ।

११. शैक्षिक योग्यता, अनुभव तथा अन्य कागजातहरु दरखास्त बुझाउने अन्तिम दिन भित्र जारी भएकोलाई मात्र मान्यता दिइने छ।

१२.आवेदन स्विकृत/अस्विकृत गर्ने तथा परिक्षा रद्द गर्ने अन्तिम अधिकार गाउँपालिकासँग रहने छ।

१३. थप जानकारीका लागि कार्यालयको प्रशासन शाखा वा फोन नं ९८४४६२९१०२,९८६३६२९५८७ सम्पर्क गर्न सकिनेछ।

..............................

टोपेन्द्र कुमार लिम्बु

प्रमुख प्रशासकीय अधिकृत

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत